आज मिति २०७५ साल असार ५ गते का यस रासी सोनारी गाउँपालिका अध्यक्ष श्री लाहुराम थारु को अध्यक्षतामा गाउँपालिकाको बैठक निम्न पदाधिकारी ज्यू हरुको उपस्थितिमा वसी निम्न प्रश्तावहरु माथि छलफल गरी निर्णय गरियो

उपस्थिति

श्री लाहुराम थारु--------------------------अध्यक्ष
श्री धनी कुमारी खत्री --------------------उपध्यक्ष
श्री चन्द्र बहादुर वली----------------------वडा अध्यक्ष वडा नं. १
श्री मदन कुमार वली----------------------वडा अध्यक्ष वडा नं. २
श्री गंगा राम थारु------------------------वडा अध्यक्ष वडा नं. ३
श्री कान्छा थारु -------------------------वडा अध्यक्ष वडा नं. ४
श्री झगरु थारु --------------------------वडा अध्यक्ष वडा नं. ५
श्री जनक बहादुर थारु -------------------वडा अध्यक्ष वडा नं. ६
श्री रामलखन थारु ----------------------वडा अध्यक्ष वडा नं. ७
श्री खुम बहादुर बस्नेत ------------------वडा अध्यक्ष वडा नं. ८
श्री महावीर वली -----------------------वडा अध्यक्ष वडा नं. ९
श्री दमकला जैसी------------------------महिला सदस्य
श्री नैनी कुमारी खत्री -------------------महिला सदस्य
श्री मिना कुमारी खत्री ------------------महिला सदस्य
श्री लिला नेपाली ------------------------महिला सदस्य
श्री देवराज कुमाल --------------------दलित/अल्पसंख्यक सदस्य
श्री पतरी दमाई ----------------------दलित/अल्पसंख्यक सदस्य
श्री नोखिराम ओली ------------------प्रमुख प्रशासकीय अधिकृत

प्रस्तावहरु :

१. औषधि खरिद सम्वन्धमा,
२. योजना अनुगमन समितिको प्रतिवेदन सम्वन्धमा,
३. एकीकृत सम्पत्ति कर सम्वन्धमा ।
४. आर्थिक सहायता सम्वन्धमा ।

**निर्णयहरु :**

१.राप्तीसोनारी गाउँपालिका जनसंख्या र भुगोलको हिसावले ठुलो गाउँपालिका भएको र राप्ती नदी वारिपारीको भौगोलीक अवस्थित रहेको हुदा वर्षात अघि नै औषधि खरीद गरी सम्बन्धित स्वास्थ्य चौकी तथा स्वास्थ्य केन्द्रहरुमा उपलब्ध गराउनुपर्ने भएको हुँदा आवश्यक पर्ने औषधि खरीद गर्ने निर्णय गरियो ।

२. आजको बैठकमा योजना अनुगमन समितिको प्रतिबेदन माथि छलफल भयो । समयमै योजना अनुगमन गर्ने, सम्बन्धित उपभोक्ता समितिलाई गुणस्तरीय काम गर्न गराउन अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

३. २०७५ श्रावण १ गतेदेखि एकीकृत सम्पत्ति कर लागु गर्नुपर्ने भएकोले सो सम्बन्धी सार्वजनिक सूचना आह्वान गरी अन्य आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

४.राप्ती सोनारी ६ निवासी बिजय बहादुर कसेराको आर्थिक अवश्था समेत कमजोर भएको हाल बिरामी भई उपचार गराईरहेको हुँदा वहाँलाई रकम रु १०,००० आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।